

काठमाडौँ महानगरपालिका

काठमाडौँ महानगरपालिका

स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

संवत् २०८३ असार ३२ गते (ने.सं. ११४६ दिल्लाथ्व दुतिया)

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम काठमाडौँ महानगरपालिका नगरसभाको १९औँ अधिवेशनबाट स्वीकृत भएको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

काठमाडौँ महानगरपालिका

आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

काठमाडौँ महानगरपालिका आर्थिक वर्ष २०८३/०८४ को

नीति तथा कार्यक्रम

काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरू र कर्मचारी साथीहरू !

सर्वप्रथम काठमाडौँ महानगरपालिका, नगरसभाको १९औँ अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु ।

काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेस गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ । म सर्वप्रथम ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, स्थानीय सरकारको सबलता र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्न योगदान गर्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हृदयदेखि सम्मान व्यक्त गर्न चाहन्छु ।

चालू आर्थिक वर्षका लागि काठमाडौँ महानगरपालिका नगर सभाको १७ औं अधिवेशनबाट स्वीकृत भएका नीति तथा कार्यक्रमको मार्ग निर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समीक्षा गर्दै आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । विगत वर्षहरुमा भनेँ काठमाडौँको ऐतिहासिकता, सांस्कृतिक सम्पदा, भौतिक र आधुनिक सहरी सभ्यतालाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा प्रमुख आधारको रुपमा लिएको छु । परिवर्तित परिवेश र काठमाडौंवासीको उत्कृष्ट चाहनालाई सम्बोधन गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा मौलिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय र सुशासनयुक्त महानगर निर्माण गर्ने कार्यमा सघाउ पुग्ने कुरामा म विश्वस्त छु ।

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि नगरसभाको यस बैठकमा प्रस्तुत भएको काठमाडौँ महानगरपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संघीय राजधानी काठमाडौँको अपेक्षित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु ।

नगरसभाका सदस्य महानुभावहरू,

अब म काठमाडौँ महानगरलाई समावेशी, सुशासनयुक्त, प्रविधिमैत्री, सुरक्षित, स्वच्छ, स्वस्थ, हरित र नवप्रवर्तनमुखी स्मार्ट सहरको रूपमा रूपान्तरण गर्दै आर्थिक समृद्धि, सामाजिक न्याय, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, संस्कृति तथा सम्पदा संरक्षण र दिगो सहरी विकासलाई सुनिश्चित गर्ने लक्ष्यसहित आगामी आर्थिक बर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

काठमाडौँ महानगरपालिकाको दीर्घकालीन सोच, उद्देश्य र योजना तथा चालू आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न नभएका बहुवर्षिय कार्यक्रमलाई सम्बोधन गर्ने नीतिहरुलाई निरन्तरता दिएको छु । सो बाहेक आगामी आर्थिक वर्षका लागि देहाय बमोजिमका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

१. सुशासन तथा शासकीय प्रबन्ध

१. नेपालको संविधान, सङ्घीय तथा प्रदेश कानुनहरु र नेपाल सरकारको निर्णयानुसार तीन तहका सरकारका लागि कार्य विस्तृतीकरण प्रतिवेदनमा तोकिएका अधिकार र जिम्मेवारीको प्रयोग तथा प्रचलन गर्न गराउन आवश्यक कानुनी तथा संस्थागत प्रबन्ध गरी स्थानीय सरकारको भूमिकालाई जनस्तरमा अनुभूत गर्ने गरी शासकीय अभ्यास गरिनेछ ।

२. कार्यालयको सूचना सम्प्रेषण गर्न तथा गतिविधी प्रचारप्रसार गर्न कार्यालयको वेवसाइट, आधिकारिक मल्टिमिडिया च्यानलहरू तथा डिजिटल प्लेटफर्महरूको प्रयोग गरिनेछ र स्रोत साधनको विनियोजनलाई थप मितव्ययी, पारदर्शी र नतिजामुखी बनाइनेछ ।

३. कार्यबोझ र आवश्यकताको वस्तुनिष्ठ मूल्याङ्कन गरी ज्यालादारी र करार सेवामा कार्यरत कर्मचारीहरूको सेवा यकिन गरिनेछ।

४. महानगरको बदलिँदो कार्यबोझ, नवप्रवर्तनकारी सहरी सेवा र प्रविधिको बढ्दो उपयोगलाई दृष्टिगत गरी सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणमार्फत् सांगठनिक संरचना र दरबन्दीको वैज्ञानिक एवम् वस्तुनिष्ठ पुनरावलोकन गरिनेछ।

५. कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि गरी महानगरपालिका र सबै वडा कार्यालयहरूमा सञ्चालित एकद्वार सेवा केन्द्र (One Stop Service Center) सञ्चालन गरिनेछ।

६. काठमाडौँ महानगरपालिकाले सम्पादन गर्ने कार्य सम्बद्ध विषय क्षेत्रमा विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई "Earn While You Learn" अवधारणा अनुसार Internship, Fellowship तथा Part-Time Engagement कार्यक्रम सञ्चालन गरिनेछ।

७. काठमाडौँ महानगरपालिकाले हालसम्म जारी गरेका कानुनहरुको उत्तर विधायकी परीक्षण गरी समसामयिक संशोधन गरिनेछ।

८. स्थानीय विवाद समाधानमा मेलमिलाप प्रकृयालाई प्राथमिकता दिई न्याय निरुपण कार्यलाई छिटो, छरितो र पहुँचयोग्य बनाइनेछ।

९. शहरको सौन्दर्य र सुरक्षामा आँच आउने विज्ञापन सामाग्रीहरुलाई पूर्णतः निषेध गरिनेछ।

१०. शहरी सुव्यवस्थापनका लागि महानगर प्रहरी बलको परिचालन गरिनेछ। नेपाल प्रहरी तथा अन्य सुरक्षा निकाय, समुदाय र सम्बद्ध संघसंस्थाहरु समेतको सहकार्य र समन्वयलाई प्रवर्द्धन गरिनेछ।

११. सवारी पार्किङ्ग व्यवस्थापन सम्बन्धमा अध्ययन गरी कार्यान्वयन गरिनेछ। नयाँसडक र आसपासको क्षेत्रमा देखिएको पार्किङ्ग समस्याको दीगो व्यवस्थापनको लागि नेपाल वायु सेवा निगमको नयाँसडक गेटस्थित घरजग्गालाई बहुतले पार्किङ्ग प्रयोजनमा उपयोग गर्न नेपाल सरकारमार्फत् पहल गरिनेछ।

१२. काठमाडौँ महानगरपालिकाको चालू खर्च घटाइ पूँजीगत खर्चलाई वृद्धि गर्ने नीति लिइनेछ।

१३. विश्वका शहरहरुका असल अभ्यासबाट ज्ञान हासिल गरी प्रविधि हस्तान्तरण, सूचना तथा साँस्कृतिक आदान प्रदान आदिका माध्यमबाट काठमाडौं शहरको सर्वाङ्गिण विकासमा टेवा पुर्याउन Sub-National Diplomacy को असल अभ्यास गरिनेछ।

१४. आपसी सहकार्य, साझेदारी र स्थानीय शासन प्रवर्द्धनका लागि नगर-नगर साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

२. सामाजिक विकास

१५. युवा केन्द्रित स्वरोजगार कार्यक्रम, उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्ने उद्धेश्यले सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। रैथाने उद्यम प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।

१६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षणविहिन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, शहिदका परिवार लगायत पछाडि परेका समुदायको विकासका लागि लक्षित वर्गमैत्री शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता, अशक्तता वा उमेरका कारण हिड्डुल गर्न नसक्ने अवस्थाका नागरिकका लागि निवासमै नागरिकता र राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।

१७. एक वडा एक नमूना कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा दिगोपना सुनिश्चित हुने गरी एक वडा एक नमूना कार्यक्रमलाई संस्थागत गरिनेछ।

१८. ज्येष्ठ तथा अशक्त नागरिकसँग महानगर अभियान सञ्चालन गरी ज्येष्ठ तथा अशक्त नागरिकको घरमै स्वास्थ्य तथा परामर्श सेवा निःशुल्क उपलब्ध गराईनेछ। ७५ बर्ष उमेर पुरा भएका बरिष्ठ ज्येष्ठ नागरिकहरु तथा पूर्ण अशक्त अपाङ्गता भएका महानगरवासीलाई पोषण भत्ता उपलब्ध गराइनेछ।

१९. सहयोगापेक्षी सडक आश्रित मानवमुक्त काठमाडौँको घोषणालाई साझेदार निकायहरुको समन्वय र सहकार्यमा प्रभावकारी कार्यान्वयन गरी "मानवीयताको शहरः काठमाडौँ (The City of Humanity)" भन्ने मूल सन्देशलाई कार्यान्वयन गरिनेछ।

२०. काठमाडौँ महानगरपालिकाले आधुनिक तथा परम्परागत ज्ञान, सीप तथा कलाको प्रमाणीकरण गरी प्रमाणपत्र जारी गर्ने प्रबन्ध गरिनेछ।

२१. महानगरक्षेत्रका टोल, विद्यालय, पार्क र समुदायमा चरा चुरुङ्गीमैत्री अभ्यासहरू सञ्चालन गर्दै चरा चुरुङ्गीहरूका लागि पानी उपलब्ध गराउन पानी पात्र स्थापना गरिनेछ।

२२. सम्मानित राष्ट्रिय व्यक्ति र नवयुवा पुस्ता (जेन जेड, जेन एल्फा) विशेष कार्यक्रम सञ्चालन गरिनेछ। नवयुवा पुस्तालाई सुशासनका संवाहक मानी उनीरुको सुझाव तथा आवश्यकतामा सहकार्य गरिनेछ। जेन्जी सहिद तथा अमर प्रहरीको नामावली सहितको स्मारक निर्माण गरिनेछ।

२३. खेलाडीहरुलाई ऊर्जाशील तथा व्यवसायिक बनाउन महानगरले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहजीकरण गर्नेछ। साथै खेल प्रतिभा पहिचान गरी सम्मान तथा प्रोत्साहन गरिनेछ।

३. शिक्षा व्यवस्थापन

२४. सबैको लागि शिक्षा तथा समावेसी शिक्षा को सुनिश्चित गर्न अटिजम, डाउन सिन्ड्रोम लगायत अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिकाका लागि विशेष विद्यालय, ज्येष्ठ नागरिक तथा गृहणी विद्यालय र वैकल्पिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गरी अन्तरपुस्ता क्रियाकलापलाई प्रवर्द्धन गरिनेछ।

२५. काठमाडौं महानगरपालिकाको विद्यालय शिक्षासम्बन्धी मार्गचित्र सहितको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२६. विद्यालय र सामुदायिक अध्ययन केन्द्र (CLC) लगायतका स्थानमा स्वास्थ्यकर्मी सहितको प्राथमिक स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। साथै दिवा शिशु स्याहार केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

२७. विद्यालय शिक्षालाई अनुसन्धानमुलक बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

२८. विद्यार्थीको सृजनशील सिकाई र सिप विकासका लागि विद्यालयमा सिप तथा पुस्तकरहित शुक्रबार (Book–free Friday) कार्यक्रम सञ्चालन गरी पाठ्यक्रममा आधारित अतिरिक्त शैक्षिक क्रियाकलापहरु समेत सञ्चालन गरिनेछ। सृजनात्मक शुक्रबार कार्यक्रममा मूलतः सृजनात्मक सिकाई, STEAM, सीपमूलक तालिम तथा खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन हुनेछन्।

२९. विद्यालयको असल अभ्यास तथा अनुभव आदानप्रदान गर्न विद्यालय-विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

३०. भाषा, सँस्कृति, सम्पदा, पर्यटन र प्राविधिक विषयमा विशेषज्ञ जनशक्ति उत्पादन गर्न काठमाडौँ महानगरपालिकाले स्वनिगः विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।

३१. कक्षाकोठाको तापीय आराम, प्राकृतिक भेन्टिलेसन र CO_2 सान्द्रताको अध्ययन गरिनेछ। अध्ययनका आधारमा उपयुक्त प्राकृतिक भेन्टिलेसनसम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।

४. सुलभ स्वास्थ्य सेवा

३२. शहरी स्वास्थ्य प्रबर्धन केन्द्रको क्षमता वृद्धि गरी समयसापेक्ष, आधुनिक र प्रविधिमैत्री स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

३३. आरोग्य जीवनका लागि आयुर्वेद, वैकल्पिक चिकित्सा, योग, व्यायाम, प्राणायाम तथा ध्यान मार्फत शारिरीक, मानसिक, आत्मिक स्वस्थ जीवनशैली पद्धतिको प्रवर्द्धन गरिनेछ।

३४. निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिदै महानगर क्षेत्रभित्रका साँघुरा सडक र बढ्दो सवारी चापलाई मध्यनजर गर्दै बाईक एम्बुलेन्स सेवा सञ्चालनमा ल्याईनेछ।

३५. महानगरवासीको मृगौला रोगको उपचारका लागि डायलसिस सेवालाई सहजीकरण गरिनेछ।

३६. मातृशिशु तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक स्थानमा breast–feeding and Care Blocks सेवाको व्यवस्थापन गरिनेछ।

३७. महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको नियमन तथा अनुगमन गरी गुणस्तरीय सेवा प्रवाहको लागि प्रोत्साहन गरिनेछ। साथै विपन्न तथा असहाय नागरिकलाई १० प्रतिशत निःशूल्क उपचार गर्ने व्यवस्थालाई कडाईकासाथ लागु गरिनेछ।

३८. महानगरवासीलाई गुणस्तरीय र विशिष्ट स्वास्थ्य सेवा प्रवाह गर्न महानगर अस्पताल निर्माण गरिनेछ।

३९. परिवर्तित जीवनशैलीका कारण तिव्र रुपमा उत्पन्न मानसिक स्वास्थ्य समस्या न्यूनिकरण गर्न मनोपरामर्श सेवा र कल सेन्टर सञ्चालनमा ल्याइनेछ। वंशाणुगत रोगको पहिचान तथा उपचार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

४०. ज्येष्ठ नागरिकहरुका लागि निमोनिया खोप, महानगरवासीको स्वास्थ्य परीक्षण, स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा नियमित सेवा र आकस्मिक स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ।

५. वातावरण तथा सरसफाई

४१. फोहर निःशुल्क, सशुल्क, न्यूनिकरण, सृजनात्मक पुनः चक्रिय प्रयोग आधारित Circular Economy लाई प्रबर्द्धन हुने गरी महानगर क्षेत्रलाई ७ क्लस्टरमा विभाजन गरी प्रविधिको प्रयोगमार्फत फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ।

४२. स्थानान्तरण केन्द्रबाट निस्काशित न्यून फोहरलाई बन्चरे डाँडा ल्याण्डफिल साइटमा मेकानाइज्ड मेटेरियल रिकभरी फ्यासिलिटी सञ्चालन गरी फोहरको वैज्ञानिक व्यवस्थापन गरिनेछ।

४३. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा खाली स्थानहरुलाई बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री पार्कका रुपमा विकास तथा विस्तार गर्दै लगिनेछ। सहरी हरियाली वृद्धि गर्न वृक्षारोपण, करेसाबारी तथा निजी जग्गा र कौशीमा गरिने फलफुल तथा तरकारी खेतीलाई प्रवर्द्धन गरिनेछ।

४४. फोहरमैला व्यवस्थापन सेवा शुल्कलाई प्रदुषकले तिर्ने सिद्धान्त (Polluters Pay Principle) अनुरुप एकद्धार प्रणाली मार्फत शुल्क सङ्कलन गर्ने व्यवस्था मिलाईनेछ। बन्चरेडाँडा ल्यान्डफिल साईटमा फोहरमैला विसर्जन गर्ने प्रत्येक स्थानीय तहबाट फोहरको परिमाण र प्रकृतिको आधारमा वित्तिय साझेदारी गर्न पहल गरिनेछ।

४५. फोहरमैला व्यवस्थापनलाई अनलाईन एपका माध्यमवाट सूचना तथा विवरण महानगरपालिका सम्बद्ध कार्यालय, सेवाप्रदायक र सेवाग्राहीको पहुँचमा हुने विशेष प्रबन्ध मिलाइनेछ।

४६. उचित प्रविधिको प्रयोग गरी वायू, जल, जमिन, ध्वनी, दृष्य आदि प्रदुषण नियन्त्रण गरिनेछ। सङ्घ, प्रदेश तथा अन्य स्थानीय सरकारसँगको समन्वय, सहकार्य र साझेदारीमा वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण तथा न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

४७. प्लाष्टिकको झोला तथा प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४८. फोहरमैला व्यवस्थापनमा विकास भएको नविन अवधारणा, प्रविधि र प्रयोगको अध्ययन गरी तीन तहका सरकार र निजी क्षेत्र समेतको सहकार्यमा फोहरमैला व्यवस्थापन गर्ने रणनीति अख्तियार गरिनेछ।

६. राजश्व परिचालन

४९. राजश्व परिचालनलाई पारदर्शी, विश्वसनीय र प्रभावकारी बनाउन आ.व. २०८३/०८४ देखि कर प्रणाली अडिट (Tax System Audit) शुरु गरिनेछ।

५०. काठमाडौँ महानगरपालिकाले असुल गर्ने बहाल र व्यवसाय करलाई वैज्ञानिक, न्यायोचित र करदातामैत्री बनाउन प्रयोजन र स्थान विशेष क्षेत्रका आधारमा करका दर निर्धारण गर्ने प्रबन्ध मिलाइनेछ।

५१. करको दायरामा नआएका करदाताको पहिचान गरी कर तिर्न उत्प्रेरित गर्ने, उपयुक्त छुट सुविधा प्रदान गर्ने, करदातालाई राजश्व सेवा सम्बन्धी सूचना, जानकारी तथा महानगरको सन्देश एसएमएस मार्फत् सम्प्रेषण गरिनेछ। वडागत कर संकलनको लक्ष्य निर्धारण गरी नतिजाको आधारमा सर्वोत्कृष्ट वडालाई पुरस्कृत गरिनेछ।

५२. महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिएको स्थानीय तहको राजस्व व्यवस्थापन प्रणाली (सूत्र) लागु गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

५३. बहालमा लिए दिएका घर/जग्गा/अन्य संरचना/सम्पतिहरुको अनिवार्य दर्ता गर्ने व्यवस्था गरिनेछ।

५४. एकीकृत करदाता परिचय नम्वर Single Tax Payer Id पूर्णरुपमा लागू गरिनेछ। जिआईएस डिजिटल भुसूचना प्रणाली मार्फत् करदाता अभिलेखलाई व्यवस्थित गरिनेछ।

७. शहरी योजना

५५. काठमाडौँ महानगरपालिकाको शहरी योजना अन्तर्गत आवधिक, रणनीतिक तथा क्षेत्रगत योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५६. विपद् व्यवस्थापनसँग सम्बन्धित सूचना तथा विवरणहरुलाई भौगोलिक सूचना प्रणाली (GIS) मा आवद्ध गरिनेछ। मनसुनजन्य विपद् जोखिम न्यूनीकरणका लागि मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ। मौसमजन्य विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारी तथा प्रतिकार्यलाई प्राथमिकतामा राखिनेछ।

५७. विद्यालय, अस्पताल, होटल, सपिङ मल, सार्वजनिक भवन तथा बहुउद्देश्यीय संरचनाहरुको विपद् सुरक्षा मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन, सुपरीवेक्षण तथा नियमित सुरक्षा परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

५८. सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजनाहरुको विस्तृत अध्ययन गरी आवश्यक सुधारको लागि सम्बद्ध पक्षसँग भएको सम्झौता पुनरावलोकन गरिनेछ।

५९. सार्वजनिक निजी साझेदारी प्रारुपमा सञ्चालन हुनसक्ने नयाँ परियोजनाहरुको पहिचान गरी सो को सम्भाव्यता अध्ययन गरिनेछ।

६०. महानगरवासीको स्वच्छ पिउने पानीको हकलाई प्राथमिकतामा राखी सहज, सुलभ र गुणस्तरीय पानी वितरणमा सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

६१. निःशुल्क पिउने पानी तथा सार्वजनिक शौचालयको अवधारणालाई निरन्तरता दिन थप स्थानहरुमा खानेपानी वुथ तथा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

८. पूर्वाधार तथा शहरी विकास

६२. स्ट्रिट लाइट तथा हाईमास्टहरुमा स्मार्ट प्रविधिको प्रयोग गरी उज्यालो र सुरक्षित महानगर बनाइनेछ।

६३. महानगरपालिका क्षेत्रभित्र रहेका नदी किनार, सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गा/घरजग्गाको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धमा नेपाल सरकार तथा सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ। GIS डेटाबेसमा आधारित भई सार्वजनिक स्थलको संरक्षण गर्न आवश्यक पूर्वाधारका कार्य गरिनेछ।

६४. महानगरपालिका क्षेत्रभित्र भौतिक पूर्वाधार विकास तथा सेवा सञ्चालन गर्ने निकायहरुबिच समन्वय गरी सार्वजनिक वित्तको उच्चतम प्रतिफल प्राप्त हुने र महानगरवासीलाई असुविधा नहुने प्रबन्ध मिलाउन एकीकृत संयन्त्र गठन गरी सक्रिय बनाइनेछ। यसका लागि GIS based monitoring system विकास गरी प्रयोगमा ल्याइनेछ।

६५. बिद्युतीय भवन अनुमति प्रणाली (eBPS) लाई समय सापेक्ष अद्यावधिक गरी बायोमेट्रिक प्रणालीलाई राष्ट्रिय परिचयपत्र (NID) को प्रणालीसँग अन्तरआबद्धता गर्ने प्रबन्ध मिलाईनेछ।

६६. बैंक तथा वित्तिय संस्थासँग समन्वय गरी महानगर क्षेत्रभित्रका घरजग्गा धितो राखी ऋण प्रवाह गर्दा काठमाडौँ महानगरपालिकाको eBPS प्रणालीको उपयोग गर्ने प्रबन्ध मिलाइनेछ।

६७. महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको नाममा आवासीय भवन निर्माण गर्दा नक्सापास दस्तुरमा बिस प्रतिशत छुट दिइनेछ।

६८. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र निर्माण हुने र निर्माण भैसकेका सार्वजनिक तथा निजी सबै किसिमका भवन तथा भौतिक संरचनाको जोखिम हस्तान्तरण तथा आर्थिक सुरक्षाको उचित व्यवस्था गर्न सहुलियतपूर्ण दरमा विमा गर्ने प्रबन्ध गरिनेछ।

६९. आगामी ५ बर्षभित्रमा महानगरपालिकाभित्रका सम्पूर्ण भवनहरुलाई विपद् उत्थानशील बनाउने अभियानको शुरुवात गर्न यसै आ.व. देखि समुदायको सहभागितामा जोखिम सर्वेक्षण तथा प्रवलीकरण (Retrofitting) र आवश्यक मर्मत सम्भार गर्ने कार्यको थालनी गरिनेछ।

७०. उर्जा दक्ष प्रविधि (Energy Efficiency), जमिनमुनि पानी पुनर्भरण गर्ने प्रविधि (Ground Water Recharge) र Sewerage Treatment Plant समाहित गरी भवन निर्माण गर्ने कार्य थालनी गरिनेछ।

७१. काठमाडौं महानगरपालिकाले सडक सुरक्षा, प्रभावकारी ट्राफिक व्यवस्थापन र गुणस्तरीय सार्वजनिक यातायातको प्रबर्धनमार्फत् सुरक्षित, व्यवस्थित र दिगो शहरी यातायात प्रणाली विकास गर्ने नीति अवलम्बन गरिनेछ। पैदल यात्री तथा साइकलमैत्री पूर्वाधार निर्माण तथा सेवा विस्तार गरिनेछ।

७२. काठमाडौँ उपत्यकाको लागि आवश्यक र उपयुक्त सार्वजनिक यातायातको माध्यम पहिचान गरी सञ्चालन गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ।

७३. साझा यातायात मार्फत् रात्रिकालिन यातायात सेवालाई क्रमशः विस्तार गरी जीवन्त र समृद्ध शहरको अवधारणा कार्यान्वयन गरिनेछ। सार्वजनिक यातायात सेवालाई मर्यादित र विश्वसनीय बनाउन सहकार्य गरिनेछ।

७४. जग्गा विकास आयोजना हस्तान्तरण सम्बन्धी कानुनी प्रबन्ध गरी काठमाडौँ महानगरपालिकाबाट सञ्चालित नयाँ बजार र चःमति जग्गा एकीकरण आयोजना हस्तान्तरण गरिनेछ।

७५. मनोहरा जग्गा एकीकरण आयोजनालाई आवश्यक बजेटको व्यवस्था गरी आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिइनेछ।

७६. सुन्धारा धरहरा क्षेत्रको सञ्चालन तथा व्यवस्थापन, भृकुटीमण्डपमा अत्याधुनिक सम्मेलन केन्द्र स्थापना तथा सञ्चालन र काठमाडौँ प्लाजा भवन दीगो रुपमा सार्वजनिक प्रयोगको लागि काठमाडौँ महानगरपालिकालाई उपलब्ध गराउन नेपाल सरकारसमक्ष अनुरोध गरिएकोमा सो अनुरुप नेपाल सरकारबाट प्राप्त गर्न पहल गरी प्राथमिकताका साथ योजना कार्यान्वयन गरिनेछ।

७७. नदी किनार तथा सार्वजनिक स्थानका जोमिखपूर्ण वस्तीबाट उद्दार गरी संरक्षण गरिएका व्यक्तिहरुको व्यवस्थापकीय कार्यका लागि निकायगत जिम्मेवारी यकिन गरिएको कार्ययोजना स्वीकृत गरी शिघ्र कार्यान्वयनमा ल्याउन नेपाल सरकारसँग समन्वय गरिनेछ।

७८. सहरी गरिब, विस्थापित र केही नभएका तथा कोही नभएका व्यक्ति तथा परिवारका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी उपयुक्त स्थानमा उचित व्यवस्थापनको लागि सामुहिक आवासको प्रबन्ध गरिनेछ। स्वबासीको समस्या समाधान गर्न सम्बद्ध निकायसँग आवश्यक समन्वय गरी कार्य गरिनेछ।

७९. काठमाडौँ महानगरपालिका वडा नम्वर ३२ कोटेश्वरस्थित तीनकुनेभित्रको अधिग्रहणमा परी मुआब्जा वितरण हुन र अधिग्रहण हुन बाँकी जग्गाको मुआब्जाको लागि लाग्ने सम्पूर्ण रकममध्ये काठमाडौँ महानगरपालिकाले एक तिहाई र नेपाल सरकारले दुई तिहाई रकम व्यहोर्ने शर्तमा आर्थिक वर्ष २०८३।८४ को बचत रकमबाट काठमाडौँ महानगरपालिकाले एक तिहाई अंशको कम्तिमा आधा एक किस्ता रकम र नेपाल सरकारले दुई तिहाइ अंशको कम्तिमा आधा एक किस्ता रकम एवम् बाँकी किस्ता रकम आर्थिक वर्ष २०८३।८४ मा सोही बमोजिम काठमाडौँ महानगरपालिका र नेपाल सरकारको बजेटबाट बेहोर्ने व्यवस्था गरिनेछ।

९. सम्पदा, सँस्कृति तथा पर्यटन

८०. सांस्कृतिक सहरः समृद्ध महानगरको परिकल्पनालाई मुर्त रुप दिन काठमाडौँ महानगर क्षेत्रभित्रको मौलिक र विशिष्ट ऐतिहासिक एवम् साँस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन तथा विकास गरिनेछ। काठमाडौँ महानगर क्षेत्रभित्र रहेको ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्त्विक वस्तु, कला तथा संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धन

गर्न काठमाडौँ महानगरपालिकालाई साँस्कृतिक क्षेत्र घोषणाको लागि बागमती प्रदेश सरकार समक्ष प्रस्ताव गरिनेछ।

८१. काठमाडौँलाई खुला तथा जीवन्त संग्रहालय र रचनात्मक सहरको रुपमा विकास गरिनेछ। यहाँका ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक, सामाजिक महत्वका मठ, मन्दिर, चैत्य द्योःछें, वहाल, वहा वहि, हिती, पोखरी, गुम्बा, स्तुपा, चोक, ननि, डबली, फल्चा लगायतका संरचना तथा सम्पदा स्थलहरुको अध्ययन, डिजिटल अभिलेखीकरण, मौलिक नामाकरण, नक्सांकन, मर्मत, जिर्णोद्धार, पुननिर्माण गरी संरक्षण, सम्वर्धन र प्रवर्द्धन गरिनेछ।

८२. विदेशी पाहुना समेतलाई आमन्त्रण गरी अन्तर्राष्ट्रियस्तरको काठमाडौँ फिल्म फेस्टिबलको आयोजना गरिनेछ।

८३. मौलिक तथा परम्परागत सिप, कला र ज्ञानको जगेर्ना, पुस्तान्तरण एवम पुनरोत्थानको लागि ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, तथा वास्तुकलात्मक महत्वका निजी तथा संस्थागत भवन पुननिर्माण गर्न र सम्पदा वस्ती संरक्षण गर्न प्रोत्साहित गरिनेछ। इन्द्रजात्रा तथा सेतो मछिन्द्रनाथ (आर्य अवलोकितेश्वर) जात्रा लगायतका अन्य ऐतिहासिक तथा साँस्कृतिक जात्रा मार्गमा सम्पदामैत्री भवनको फसाड निर्माण गर्न प्रोत्साहन गरिनेछ।

८४. पर्यटन प्रवर्द्धन तथा विकासका लागि प्राचिन वस्ती एवम् सहरहरुमा होमस्टे सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

८५. अमुर्त सम्पदाहरुः स्थानीय जात्रा, पर्व, कला, संस्कृति, परिकार, परम्परागत बाजा तथा संगीतहरुको संरक्षण र प्रवर्द्धन गर्दै युनेस्कोको अभौतिक सांस्कृतिक सम्पदामा (ICH) सूचिकृत गर्न आवश्यक पहल गरिनेछ।

८६. Recharged Kathmandu Campaign सञ्चालन गरिनेछ। यसका लागि महानगर क्षेत्रभित्रका पोखरी, ढुंगेधारा (हिती) हरुको पुनर्स्थापना, आकाशे पानी संकलन तथा पुनर्भरण गर्दै जल सम्पदाको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्न जोड दिईनेछ।

८७. मौलिक र परम्परागत लोककला, पाककला, भेषभुषा, शिल्प, गरगहना, जात्रापर्व, साहित्य संगीत तथा प्राकृतिक सम्पदाहरुलाई चलचित्रको माध्यमद्वारा उजागर गरी रचनात्मक उद्योगका रुपमा विकाश र प्रवर्द्धन गर्न चलचित्र महोत्सव, परम्परागत खाना महोत्सव, साहित्य महोत्सव, एक्सपो, प्रदर्शनी जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ। नेपाल भाषालाई महानगरपालिकाको कामकाजको भाषाको रुपमा प्रवर्द्धन गर्ने कार्य सञ्चालन गरिनेछ।

८८. काठमाडौँ महानगरपालिकाले निर्माण गरेको यँ देय् साँस्कृतिक छेँ लाई सञ्चालनमा ल्याइनेछ। साथै काठमाडौँ महानगरपालिका क्षेत्रमा मनाइने ऐतिहासिक तथा साँस्कृतिक महत्वको जात्राको रुपमा अन्तर्राष्ट्रियस्तरमा समेत चर्चित इन्द्रजात्रा रथयात्राका प्रमुख देवगणहरु श्री गणेश र श्री भैरवका लागि निवास निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१०. सूचना प्रविधि

८९. विद्युतीय शासनलाई पूर्ण रूपमा आत्मसात् गर्दै केन्द्र र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा, अभिलेख व्यवस्थापन र निर्णय प्रक्रियालाई स्वचालित (Automated) बनाइनेछ। जनप्रतिनिधि र कर्मचारीहरूको डिजिटल साक्षरता अभिवृद्धि गर्दै प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।

९०. GIS–आधारित डिजिटल ठेगाना प्रणाली, Open Data Initiative, AI प्रविधि, राष्ट्रिय तथा प्रादेशिक डिजिटल प्रणालीहरूसँग अन्तरआवद्धता, साइबर सुरक्षा, प्रणाली मर्मतसम्भार कार्यक्रमलाई प्रबर्धन गरिनेछ।

९१. योजना, सेवा प्रवाह, विकास आयोजना, राजस्व, खर्च, पूर्वाधार, वातावरण, विपद् व्यवस्थापन र गुनासो व्यवस्थापन सम्बन्धमा सुसूचित गर्न तथा नियमित अनुगमनका लागि KMC Dashboard स्थापना तथा सञ्चालन गरिनेछ।

९२. Municipal Governance लाई सुदृढ गर्न Digital Public Infrastructure को रूपमा GIS–आधारित एकीकृत सूचना प्रणाली स्थापना गरी सञ्चालन गरिनेछ।

९३. काठमाडौँ महानगरपालिकाका सम्पूर्ण सूचना प्रणालीहरूलाई राष्ट्रिय परिचयपत्र, नागरिक एप, राष्ट्रिय भुक्तानी प्रणाली, भूमि अभिलेख, राजस्व तथा अन्य संघीय एवम् प्रादेशिक डिजिटल प्रणालीहरूसँग अन्तरआवद्ध (Interoperable) बनाउँदै लगिनेछ।

९४. काठमाडौं महानगरपालिकाको Software Development, Cyber Security तथा System Maintenance Unit लाई आवश्यक जनशक्ति, पूर्वाधार तथा आधुनिक प्रविधिबाट सुदृढ बनाइनेछ।

९५. महानगरपालिकाका कर्मचारीहरूको डिजिटल क्षमता अभिवृद्धि गर्न "Digital Governance and Cyber Hygiene" सम्बन्धी तालिम सञ्चालन गरिनेछ। साथै सेवाग्राहीहरूका लागि डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

११. **उपभोक्ता हित**

९६. उपभोक्ता हित संरक्षणका लागि खाद्य स्वच्छता, गुणस्तर परीक्षण, स्वस्थ भान्छा, जङ्क फुड नियन्त्रण, सुर्ती तथा मदिराजन्य पदार्थको नियमन, सुरक्षित मासु उत्पादन तथा जीवजन्तु व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९७. खाद्य पदार्थको गुणस्तर सुनिश्चित गर्दै एग्रो पुलिङ तथा मेट्रो मार्ट मार्फत विषादी रहित स्वच्छ फलफूल र तरकारीको होम डेलिभरी हुने व्यवस्था मिलाइनेछ। महानगरवासीको न्यूनतम जीवनस्तर सम्बन्धी सूचकहरू सहितको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

९८. स्वच्छ, गुणस्तरीय र सुरक्षित मासु उत्पादन तथा विक्री वितरणका लागि व्यवस्थित वधशाला निर्माण तथा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ।

९९. बजार अनुगमन, कृतिम मूल्यवृद्धि नियन्त्रण, अनिवार्य मूल्यसूचीको व्यवस्था, उपभोग्य वस्तु तथा सेवाको गुणस्तर कायम गरी व्यापार व्यवसायमा स्वच्छता, प्रतिस्पर्धा कायम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१००. सडक कुकुर तथा बाँदरको संख्या नियन्त्रणका लागि पशु कल्याण सुनिश्चित गर्दै मानवीय, वैज्ञानिक र प्राविधिक उपायहरू अवलम्बन गरी प्रभावकारी व्यवस्थापन गरिनेछ।

१०१. सहकारी सम्बन्धी राष्ट्रिय नीति, सङ्घीय तथा प्रदेश कानुन अनुरुप काठमाडौँ महानगरपालिकाको कानुनी प्रबन्धलाई संशोधन गरी आफ्नो क्षेत्राधिकार भित्रका सहकारी सम्बद्ध संघ संस्थाहरुको नियमित अनुगमन, नियमन, संस्थागत सुशासन तथा वित्तिय अनुशासन मार्फत् सहकारी क्षेत्रको प्रबर्द्धन गरिनेछ। निष्कृय सहकारीहरुको पुनः सञ्चालन, खारेजी तथा विघटन सम्बन्धी कारवाहीमा सहजीकरण गरिनेछ।

अन्त्यमा,

प्रस्तावित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यक्रम र बजेट यसै सभावाट स्वीकृत भए बमोजिम हुने व्यहोरा जानकारी गराउँदै नीति, कार्यक्रम तथा बजेट पूर्ण रूपमा कार्यान्वयन गर्न हामी सबैको सामूहिक प्रतिबद्धता र क्रियाशीलता आवश्यक हुन्छ।

महानगरवासी, नागरिक समाज, तीन तहका सरकार र मातहतका निकाय, निजी क्षेत्र, महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दै हालसम्म प्राप्त साथ, सहयोग र समन्वयका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !

स्वीकृत मितिः असार १, २०८३

नेपाल सम्वत् ११४६ अनालागा आमै

सुनिता डंगोल
कार्यवाहक प्रमुख
काठमाडौँ
महानगरपालिका

काठमाडौँ महानगरपालिका

नगर सभाको १९ औँ अधिवेशन

कार्यवाहक प्रमुख सुनिता डंगोलज्यूले पेश गर्नुभएको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

काठमाडौँ महानगरपालिका नगर सभा १९ औँ अधिवेशनको तेह्रो बैठकका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरु, काठमाडौँ महानगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न क्षेत्रको प्रतिनिधित्व गरी नगरसभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, सांकेतिक भाषाको माध्यमबाट र अन्य माध्यमबाट यस कार्यक्रमलाई सम्प्रेषण गर्नुहुने सञ्चारकर्मी महानुभावहरु, स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमा जोडिनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

सर्वप्रथम यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि आफ्नो अमूल्य जीवनको आहुती दिनुहुने अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

यस बैठकमा अगामी आर्थिक वर्ष २०८३।८४ को लागि कार्यक्रम तथा वजेट, आर्थिक विधेयक र विनियोजन विधेयक पेश गर्न गइरहेको छु।

नगर सभा सदस्यज्यूहरु,

संघीय नेपालको तीन तहको सरकारमध्ये स्थानीय सरकार जनताको निकटको सरकार हो। जनताका दैनन्दिनका समस्याहरु सम्बोधन गर्ने स्थानीय सरकारको हैसियतले काठमाडौँ महानगरपालिकाले नगर सभामा पेश गर्ने नीति, कार्यक्रम तथा बजेटले स्थानीय स्वायत्तता र सबलतालाई सुदृढ गर्ने परिकल्पना गरिएको छ। काठमाडौँ महानगरपालिकाको प्रमुख पदमा निर्वाचित भई स्थानीय सरकारको प्रमुखको भूमिका निर्वाह गरिसक्नु भएका सम्माननीय बालेन्द्र शाह देशको प्रधानमन्त्री हुँदा समग्र स्थानीय सरकार र काठमाडौँ महानगरपालिकाको लागि थप उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ।

नगर सभा सदस्यज्यूहरु,

काठमाडौँ महानगरपालिकाको आर्थिक बर्ष २०८३।८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, नगर सभामा प्रस्तुत भएको आर्थिक बर्ष २०८३।८४ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, काठमाडौँ महानगरपालिकाले आगामी आर्थिक वर्षको लागि तय गरेको मार्गचित्र समेतलाई आधार मानी तयार गरिएको छ। बजेट तर्जुमाका सिलसिलामा कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, वजेट तर्जुमा समिति, राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझाव समेतलाई आधार मानिएको छ।

नेपालको संविधान जारी भएपश्चात् राज्यको शासकीय संरचना तीन तहको सरकारबाट सञ्चालित छ। स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। स्थानीय सरकारको रुपमा काठमाडौँ महानगरपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्दै आएको छ। यस सम्मानित सभामा बजेट तथा कार्यक्रमको साथै आर्थिक र विनियोजन विधेयक समेत पेश हुने भएकाले उक्त विधेयकहरुमा आम्दानी तथा खर्चको विषयहरु विस्तृत रुपमा प्रस्तावित छन्। उक्त व्यवस्थाहरुमाथि यस सभामा गहन छलफल, परामर्श भई निष्कर्षमा पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु।

नगर सभा सदस्यज्यूहरु,

अव म यस गरिमामय सभामा अगामी आर्थिक वर्ष २०८३।०८४ को वजेट प्रस्तुत गर्नुपूर्व चालु आर्थिक वर्षको वजेट कार्यान्वयन सम्वन्धमा संक्षिप्त प्रकाश पार्न चाहन्छु।

नगरसभाको १७औँ तथा १८औं अधिवेशनले सञ्चित कोषमा जम्मा हुने रकमवाट चालू आर्थिक वर्ष २०८२।८३ का लागि रु.२५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैयाको बजेट पारित गरेको थियो। बजेट कार्यान्वयनका लागि आन्तरिक तथा बैक मौज्दात गरी कुल २० अरव १२ करोड ६४ लाख रुपैयाँको स्रोत व्यवस्थापन हुने र नेपाल सरकार र प्रदेश सरकार सशर्त, समानीकरण, राजश्व वाँडफाँडवाट प्राप्त हुने अनुदान ४ अरव ९८ करोड ७९ लाख ४१ हजार रुपैयाँ प्राप्त हुने अनुमान थियो।

चालु आर्थिक वर्ष २०८२।८३ मा घटित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरुका बावजुद वजेट कार्यान्वयनतर्फ हेर्दा कुल बजेट रु.२५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैयाँ मध्ये जेठ मसान्तसम्ममा कुल खर्च जम्मा रु.११ अरब २९ करोड २९ लाख ३८ हजार रुपैयाँ भएको छ। जुन कुल वजेटको ४५ प्रतिशत हुन आँउछ। जसमा पूँजीगत खर्चतर्फ रु.५ अरब ५२ करोड ६८ लाख १९ हजार रुपैयाँ रहेको छ। यो विनियोजित वजेटको ३५.५९ प्रतिशत हो। चालू खर्चतर्फ रु.९ अरब ५२ करोड ३० लाख ५९ हजार रुपैयाँ विनियोजन भएकोमा रु.५ अरब ७२ करोड ६१ लाख १८ हजार रुपैयाँ खर्च भएको छ, यो अंक कुल वजेटको ६०.१३ प्रतिशत हो।

वजेट कार्यान्वयनको क्षेत्रगत विश्लेषण गर्दा आर्थिक विकास क्षेत्रतर्फ कुल रु.६९ करोड ४९ लाख ८१ हजार विनियोजन भएकोमा त्यसको २३.४ प्रतिशत खर्च भएको छ। त्यसैगरी, सामाजिक क्षेत्रतर्फ कुल विनियोजित रकम रु.६ अरव ३० करोड ९५ लाख ५३ हजार रुपैयामा ४१.३८ प्रतिशत खर्च भएको देखिएको छ। पूर्वाधार क्षेत्रमा कुल विनियोजित रकम रु.११ अरव ४१ करोड ७ लाख ६९ हजार रुपैयामा ४३.६५ प्रतिशत रकम खर्च भएको छ। त्यसैगरी सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा कुल विनियोजित रकम रु.३ अरव ४४ करोड ६ लाख ६६ हजार रुपैयाको २३.८४ प्रतिशत रकम खर्च भएको छ भने कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ कुल विनियोजन भएको रकम रु.३ अरव २५ करोड ८३ लाख ७० हजार रुपैयाको ८३.४२ प्रतिशत रकम खर्च भएको छ। असार मसान्तसम्ममा चालु आर्थिक वर्षको भौतिक तथा वित्तिय प्रगति उत्साहजनक हुने अपेक्षा गरिएको छ।

चालु आर्थिक वर्षमा स्थानीय स्रोत तथा साधनको सन्तुलित र समन्यायिक ढंगले परिचालन गर्दा आर्थिक असमानता र गरिवी न्यूनीकरण गर्ने, सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकासमार्फत साँस्कृतिक सहर, समृद्ध महानगरको लक्ष्य हालिस गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

राजश्व आम्दानीतर्फ आन्तरिक राजस्व असुलीको लक्ष्य रु.१० अरब १२ करोड ६४ लाख रुपैयाँ सहित चालू आर्थिक वर्षमा जम्मा रु. १५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैयाको लक्ष्य निर्धारण गरिएको थियो। त्यसमध्ये जेठ मसान्तसम्ममा कुल रु. ९ अरब ६९ करोड ९९ लाख २२ हजार रुपैयाँ राजश्व संकलन भएको छ। जसमध्ये आन्तरिक आय अन्तर्गत रु.५ अरब ५० करोड ८८ लाख २२ हजार रुपैंया रहेको छ। समग्र प्रतिशतमा हेर्ने हो भने कुल आम्दानीको लक्ष्य अनुसार प्रगति ६४.१७ प्रतिशत हुन आउँछ। आन्तरिकतर्फ कुल लक्ष्यको ५४.४० प्रतिशत प्रगति भएको देखिन्छ।

चालू आर्थिक वर्षमा संघ र प्रदेशको राजश्व वाँडफाँडवाट लक्ष्यको ७६.०९ प्रतिशत राजश्व प्राप्त भएको छ भने आन्तरिक अनुदान (समानीकरण र सशर्त) मा लक्ष्यको ९२.०४ प्रतिशत रकम अनुदान मार्फत प्राप्त भएको छ। असार मसान्तभित्रमा राजश्व संकलनमा समेत उल्लेखनीय अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

नगर सभा सदस्यज्यूहरु,

काठमाडौँ महानगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न रु २५ अरब १३ करोड ३० लाख ५५ हजार रुपैयाँ सञ्चितकोषमा व्ययभार पर्ने र ७५ करोड रुपैयाँ अन्य वाह्य व्ययभार हुने गरी कुल रु.२५ अरव ८८ करोड ३० लाख ५५ हजार रुपैयाको अनुमानित बजेट पेश गर्न चाहन्छु।

आगामी आर्थिक वर्षको लागि सञ्चित कोषमा २५ अरब १३ करोड ३० लाख ५५ हजार रुपैयाँ जम्मा हुने अनुमान गरिएको छ। जसमध्ये काठमाडौँ महानगरपालिकाको आन्तरिक आय र बैंक मौज्दात गरी कुल २० अरव १८ करोड ६३ लाख २९ हजार रुपैयाँको स्रोत व्यवस्थापन हुने अनुमान गरिएको छ भने नेपाल सरकार तथा प्रदेश सरकारवाट सशर्त, समानीकरण, राजश्व वाँडफाँडवाट प्राप्त हुने अनुदान ४ अरव ९३ करोड ६७ लाख २६ हजार रुपैयाको स्रोत अनुमान गरिएको छ। त्यसैगरी जनसहभागिता वापत रु १ करोडको श्रोत प्राप्त हुने अनुमान गरिएको छ।

क्षेत्रगत रुपमा हेर्दा प्रस्तुत वजेट तथा कार्यक्रम अन्तर्गत आर्थिक विकास क्षेत्रमा कुल वजेटको २.१ प्रतिशत अर्थात् ५४ करोड १८ लाख २० हजार रुपैयाँ प्रस्ताव गरिएको छ। सामाजिक विकास क्षेत्रमा ९.६ प्रतिशत अर्थात् २ अरव ४२ करोड २७ लाख ३१ हजार रुपैयाँ प्रस्ताव गरिएको छ। पूर्वाधार विकास क्षेत्रतर्फ ६१ प्रतिशत अर्थात् १५ अरव ३१ करोड ६७ लाख ४८ हजार रुपैयाँ रहेको छ। सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रतर्फ ८.५ प्रतिशत अर्थात् २ अरव १३ करोड ४७ लाख ९२ हजार प्रस्ताव गरिएको छ त्यसैगरी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ १८.८ प्रतिशत अर्थात् ४ अरव ७१ करोड ६९ लाख ६४ हजार रुपैयाँ प्रस्ताव गरिएको छ।

आगामी आर्थिक वर्षमा काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका पूर्वाधार योजनाहरुलाई उच्च प्राथमिकतामा राखिएको छ। फोहरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीमा सुधार, सुशासन प्रवर्द्धन, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमता वृद्धि, एक वडा एक उद्यम कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी र आय वृद्धि गर्ने कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राखिएको छ। त्यसैगरी काठमाडौँ महानगरपालिका क्षेत्रभित्र प्रदुषण कम गर्ने, सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने, महानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्व बोकेका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, वहाः वही, ननी लगायतका सम्पदा स्थलहरुको संरक्षण कार्य एवम् मूर्त तथा अमूर्त संस्कृतिको संरक्षण र प्रवर्द्धनमा समेत आवश्यक वजेट व्यवस्थापन गरिएको छ।

आगामी आर्थिक वर्षमा युवा केन्द्रीत स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि १० करोड रुपैयाँ विनियोजन गरिएको छ। त्यसैगरी नवयुवा सहकार्य र Earn While You learn कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। जेन्जी सहिद तथा अमर प्रहरीको नामावली सहितको स्मारक निर्माण गर्न बजेट व्यवस्था गरिएको छ।

अपाङ्गता भएका व्यक्ति, अशक्त तथा उमेरको कारण हिड्डुल गर्न नसक्ने महानगरवासीका लागि सम्बन्धित निकायसँग समन्वय गरी घरघर मै नागरिकता र राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिएको छ। महानगर पोषण भत्ता कार्यक्रमका लागि १६ करोड रुपैयाँ विनियोजन गरिएको छ।

बहालमा लिएदिएको घरजग्गाको विवरण दर्ता प्रक्रियालाई सरल र सहज बनाउने कार्यक्रम, एकीकृत करदाता परिचय पत्र कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। करदातालाई शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ। महानगरवासीहरुले मालपोत तथा नापी कार्यालयबाट प्राप्त गरी आएका भूमी व्यवस्थापन सेवा स्थानीयस्तरबाटै उपलब्ध गराउने प्रबन्ध मिलाइएको छ।

सामुहिक आवास निर्माणको लागि बहुवर्षिय योजना अन्तर्गत निर्माणको पहिलो वर्षको लागि ५ करोड विनियोजन गरिएको छ। स्ववासी समस्या समाधान गर्न विशेष कार्यक्रम सञ्चालनका लागि वित्तीय प्रबन्ध गरिएको छ।

महानगर अस्पताल निर्माणको बहुवर्षिय योजना अन्तर्गत अस्पताल निर्माणको पहिलो वर्षका लागि ४ करोड रुपैयाँ विनियोजन गरिएको छ। टोलटोलमा योगाभ्यास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। ज्येष्ठ नागरिक निमोनिया खोपको लागि १ करोड रुपैयाँ विनियोजन गरिएको छ। क्यान्सर जस्ता असाध्य रोगहरुको निदानको लागि विशेष कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ। एकिकृत स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन केन्द्र स्थापनार्थ रु. २ करोड रकम विनियोजन गरिएको छ। निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिइएको छ।

स्वनिगः विश्वविद्यालय स्थापनाको लागि कानुनी तथा आवश्यक व्यवस्थापकीय कार्य प्रारम्भ गर्न ५० लाख रुपैयाँ छुट्याइएको छ। काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका निजी तथा सार्वजनिक भौतिक संरचनाहरुको विमा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। त्यसैगरी नगर-नगर साझेदारी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

रात्रिकालिन यातायात सेवा सञ्चालनलाई निरन्तरता दिन, पिउने पानीको लागि Water ATM र आवश्यक स्थानमा सार्वजनिक शौचालय व्यवस्थापनको लागि बजेट विनियोजन गरिएको छ। पशु वधशाला निर्माण गर्न तथा एग्रो पुलिङका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट छुट्याइएको छ।

काठमाडौँमा अन्तर्राष्ट्रिय फिल्म फेस्टिबल आयोजना गर्नको लागि बजेट विनियोजन गरिएको छ। बागमती प्रदेश सरकारसँग समन्वय गरी काठमाडौँ महानगरपालिकालाई साँस्कृतिक सहर घोषणा गर्न आवश्यक प्रबन्ध गरिएको छ।

काठमाडौ महानगरपालिका क्षेत्रभित्र विपद व्यवस्थापन कार्यलाई थप प्रभावकारी एवम् साधन स्रोत सम्पन्न गराउन बजेट विनियोजन गरिएको छ। काठमाडौँ महानगरपालिका मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३, बढ्दो तापक्रमको प्रभाव न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइएको छ। नदी किनार तथा सार्वजनिक जग्गा संरक्षण गर्न तथा पार्क निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ। चराचुरुङीको लागि पानीपात्र निर्माण गर्न बजेटको व्यवस्था गरिएको छ।

प्लाष्टिक झोलामुक्त काठमाडौँको लागि वैकल्पिक झोला अभियान सञ्चालन गर्न आवश्यक रकम विनियोजन भएको छ। आगामी आर्थिक वर्षका लागि मुलतः वातावरण व्यवस्थापनका लागि १ अरब २२ करोड, शिक्षा तर्फ १ अरब ७१ करोड, सम्पदा संरक्षणका लागि २ अरब ५३ करोड, सामाजिक विकासमा ४९ करोड, पूर्वाधार विकासमा ५ अरब ४१ करोड, हरियाली प्रबर्द्धन गर्न ४३ करोड, सूचना प्रविधि तर्फ ४१ करोड, स्वास्थ्य सेवातर्फ ७० करोड र विपद् व्यवस्थापनका लागि ३६ करोड विनियोजन गरिएको छ।

नगर सभा सदस्यज्यूहरु,

आगामी आर्थिक वर्षका लागि काठमाडौँ महानगरपालिकाले आन्तरिक आयतर्फ निर्धारित लक्ष्य अनुसारको प्रगति हासिल गर्न तथा राजश्व असुलीलाई प्रभावकारी वनाउन व्यवसाय करमा नयाँ करदाता पहिचान गर्ने, करदातालाई व्यवसाय/कारोवारस्थलमा नै गई समन्वय तथा सहजीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ।

त्यसैगरी आगामी आर्थिक वर्ष २०८३।८४ मा करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन असोज मसान्तभित्र कर वुझाउने करदातालाई १० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। असोज मसान्तभित्र बक्यौता कर चुक्ता गर्ने करदातालाई जरिवाना मिनाहा दिने कार्यक्रम समेत सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। आवासीय प्रयोजनका लागि बहालमा लगाइएका घरजग्गाको बहाल आम्दानी वार्षिक २ लाख ४० हजारभन्दा कम भएमा ५ प्रतिशत र सो भन्दा बढी बहाल आम्दानी हुने आवासीय प्रयोजनका लागि बहाल कर साविकको १० प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ।

साथै करप्रतिको अपनत्व र विश्वास अभिवृद्धि गर्न केही शिर्षकमा सिफारिस दस्तुर निशुल्क गरिएको छ। कर विश्लेषण र करको दायरा वृद्धि गर्न विज्ञ सहितको सरोकारवाला निकायसँग सहकार्य गर्ने कार्यक्रमहरु प्रस्ताव गरिएको छ। कारदातालाई वस्तुगत संघहरुसंग आवद्ध गरी दायरा फराकिलो वनाउन प्रस्ताव गरिएको छ।

नगर सभाका सदस्यज्यूहरु,

अन्त्यमा

काठमाडौँ महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को लागि यस गरिमामय सभामा प्रस्तुत भएको कार्यक्रम तथा बजेटले महानगर क्षेत्रको समग्र विकासमा योगदान पुग्ने विश्वास गरिएको छ। यसका लागि सवै वर्ग, समुदाय, नगरसभाका सदस्य, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार सवै एकजुट भएर सक्रिय हुनुपर्ने देखिएको छ। आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन शतप्रतिशत भई अपेक्षित नतिजा हासिल गर्ने अपेक्षा गरिएको छ। उपस्थित नगरसभाका सदस्यज्यूहरु नीति, कार्यक्रम तथा बजेट वनाउन अहोरात्र खटिनु हुने स्रोत अनुमान समितिका पदाधिकारी तथा विषयविज्ञ सदस्यहरु, वजेट तर्जुमा समितिका सम्पूर्ण सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

साथै, काठमाडौँलाई स्वच्छ, सफा, हरियाली, सुरक्षित साँस्कृतिक र जीवन्त सहरको रुपमा विकास गर्ने हाम्रो मूल उद्धेश्य साकार पार्नका लागि सम्पूर्ण महानगरबासी, जनप्रतिनिधि, कर्मचारी, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु, सरकारी,गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरु, सञ्चार जगतप्रति हार्दिक अपील गर्दछु। यस बजेटको सफल कार्यान्वयनमा सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेको छु।

धन्यवाद।

सुनिता डंगोल
कार्यवाहक प्रमुख
काठमाडौँ महानगरपालिका।

मिति २०८३ असार ४ गते विहिवार
नेपाल सम्वत, ११४६ तक्षलाथ्व चौथि

काठमाडौं महानगरपालिका

आर्थिक वर्ष २०८३।८४

अनुमानित आय (शिर्षक अनुसार)

क) काठमाडौं महानगरपालिकाको सञ्चित कोषमा जम्मा हुने अनुमानित आय

क्र.सं.	स्रोत	सकेत नं	आय शिर्षक	अनुमानित आय रु. हजारमा
१	आन्तरिक	११३१३	सम्पती कर	१७०००००
२	आन्तरिक	११३१४	भुमिकर/मालपोत	२५०००
३	आन्तरिक	११३२१	घर जग्गा वहाल कर	६२५००००
४	आन्तरिक	११४५१	सवारी साधन कर (साना सवारी)	३०
५	आन्तरिक	१४१२९	अन्य निकायबाट प्राप्त लाभांश	२००
६	आन्तरिक	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	८५००
७	आन्तरिक	१४२१९	अन्य सेवा शुल्क	१०००००
८	आन्तरिक	१४२१९	अन्य सेवा शुल्क (फोहरमैला संकलन तथा ढुवानी)	१५०००००
९	आन्तरिक	१४२२१	न्यायिक दस्तूर	४००
१०	आन्तरिक	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	२५०००
११	आन्तरिक	१४२२४	परीक्षा शुल्क	३०००
१२	आन्तरिक	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	१३०००
१३	आन्तरिक	१४२४२	नक्सापास दस्तुर	७०००००
१४	आन्तरिक	१४२४३	सिफारिश दस्तुर	१५००००
१५	आन्तरिक	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	१२००
१६	आन्तरिक	१४२४५	नाता प्रमाणित दस्तुर	६०००
१७	आन्तरिक	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	७००००
१८	आन्तरिक	१४३१३	धरौटी सदरस्याहा	५००००
१९	आन्तरिक	१४६११	व्यवसाय कर	१२५०००००
२०	आन्तरिक	१५१११	बेरूजू	५००००
२१	जनसहभागिता	१३४१२	अन्य व्यक्तिगत आन्तरिक अनुदान	१००००
२२	नेपाल सरकार समानीकरण अनुदान	१३३११	समानीकरण अनुदान	६८७०००

क्र.सं.	स्रोत	सकेत नं	आय शिर्षक	अनुमानित आय रु. हजारमा
२३	नेपाल सरकार सशर्त अनुदान चालु	१३३१२	सशर्त अनुदान चालु	१६०१८००
२४	प्रदेश समानीकरण अनुदान	१३३११	समानिकरण अनुदान	८०१५८
२५	प्रदेश सशर्त अनुदान चालु	१३३१२	सशर्त अनुदान चालु	३५००
२६	प्रदेश सशर्त अनुदान पुंजीगत	१३३१२	सशर्त अनुदान पूँजीगत	३११००
२७	राजश्व बाँडफाँड प्रदेश	११४५६	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	४०००००
२८	राजश्व बाँडफाँड संघीय	११४११	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	२६१२००
२९	राजश्व बाँडफाँड संघीय	११४२१	बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क	१११९४३
३०	राजश्व बाँडफाँड संघीय	१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी	२५
३१	राजश्व बाँडफाँड स्थानीय	११३१५	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१६४५०००
३२	राजश्व बाँडफाँड स्थानीय	११४७१	बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	३५०००
३३	राजश्व बाँडफाँड स्थानीय	११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	८००००
३४	आन्तरिक	३२१२२	बैंक मौज्दात	७३८३९९९
			जम्मा आय	२५१३३०५५

काठमाडौं महानगरपालिका

आर्थिक वर्ष २०८३।८४

अनुमानित आय (शिर्षक अनुसार)

ख) महानगरपालिका मार्फत कार्यान्वयन हुने बाह्यतर्फ (सञ्चित कोषमा जम्मा नहुने) को अनुमानित आय

क्र.स.	स्रोत	आय शिर्षक	अनुमानित आय रु. हजारमा
१	अन्य निकाय	अन्य निकायहरुबाट प्राप्त हुने कार्यक्रमहरु	७५००००
		(ख) बाह्यतर्फ जम्मा आय	**७५००००

काठमाडौं महानगरपालिका

आर्थिक वर्ष २०८३।८४

अनुमानित आय (साराशं)

आर्थिक वर्ष २०८३।८४ को कूल अनुमानित आय

क्र.स.	विवरण	अनुमानित आय रु. हजारमा
१	क) काठमाडौं महानगरपालिकाको सञ्चित कोषमा जम्मा हुने अनुमानित आय	२५१३३०५५
२	ख) महानगरपालिका मार्फत कार्यान्वयन हुने बाह्यतर्फ (सञ्चित कोषमा जम्मा नहुने) को अनुमानित आय	७५००००
	कुल जम्मा आय	**२५८८३०५५**

काठमाडौं महानगरपालिका

आर्थिक वर्ष २०८३।८४

(क) वजेट तथा कार्यक्रम

क्र. स.	विभाग	क्षेत्र	उपक्षेत्र	मुख्य कार्यक्रम	श्रोत	खर्च केन्द्र	कार्यक्रम	खर्च संकेत	वडा	विनियोजित वजेट रु. हजारमा	कैफियत
१	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	परराष्ट्र	परराष्ट्र	आन्तरिक	केन्द्र	अतिथि (स्वदेशी तथा विदेशी) सत्कार, उपहार प्रदान, होटलवास तथा अन्य आतिथ्यता खर्च (इन्द्रजात्रा समेत)	२२७११		१५०००	
२	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	शासन प्रणाली	शासन प्रणाली	आन्तरिक	केन्द्र	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको सदस्यता शुल्क भुक्तानी	२२४१९		३०००	
३	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	परराष्ट्र	परराष्ट्र	आन्तरिक	केन्द्र	स्वदेशी तथा विदेशी शहरहरुसँग भगिनी सम्बन्ध स्थापना (भ्रमण आदान प्रदान समेत)	२२५११		२०००	
४	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	परराष्ट्र	परराष्ट्र	आन्तरिक	केन्द्र	स्वदेशी भगिनी शहरहरुसँग सहकार्य (अनुभव आदान प्रदान)	२२५११		१०००	
५	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	परराष्ट्र	परराष्ट्र	आन्तरिक	केन्द्र	विदेशी भगिनी शहर तथा शहरहरुका अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य (अनुभव आदान प्रदान समेत)	२२५२२		४०००	
६	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	शासन प्रणाली	शासन प्रणाली	आन्तरिक	केन्द्र	मेयर, उपमेयर तथा प्रमुख प्रशासकीय अधिकृत फोरम सञ्चालन खर्च	२२५२२		१०००	
७	अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	शासन प्रणाली	शासन प्रणाली	आन्तरिक	केन्द्र	संस्थागत कुटनीतिक क्षमता विकास कार्यक्रम	२२५२२		१०००	

क्र. स.	विभाग	क्षेत्र	उपक्षेत्र	मुख्य कार्यक्रम	श्रोत	खर्च केन्द्र	कार्यक्रम	खर्च संकेत	वडा	विनियोजित वजेट रु. हजारमा	कैफियत
८	आन्तरिक लेखापरीक्षण एकाई	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	वित्तीय सुशासन	विविध	आन्तरिक	केन्द्र	लेखा समितिका पदाधिकारी, वित्त विभाग, राजश्व विभाग र आलेप एकाइका कर्मचारीहरुको लागि लेखा प्रशासन, लेखापरीक्षण प्रतिवेदन, बेरुजु फछ्र्यौट तथा संपरीक्षण सम्वन्धी क्षमता अभिबृद्धि कार्यक्रम	२२५११		७००	
९	आन्तरिक लेखापरीक्षण एकाई	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	वित्तीय सुशासन	विविध	आन्तरिक	केन्द्र	कामपा अन्तरगतका विभाग, कार्यालय तथा वडाहरुमा आर्थिक प्रशासन प्रमुख तथा सहयोगी कर्मचारीहरुका लागि लेखा प्रणाली सुधार तथा क्षमता अभिवृद्धि कार्यक्रम	२२५११		८००	
१०	आन्तरिक लेखापरीक्षण एकाई	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	वित्तीय सुशासन	विविध	आन्तरिक	केन्द्र	लेखा समितिका पदाधिकारीहरुका लागि अन्तर स्थानीय तह अध्ययन अवलोकन तथा असल अभ्यास आदानप्रदान कार्यक्रम	२२५११		७००	
११	आन्तरिक लेखापरीक्षण एकाई	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	वित्तीय सुशासन	विविध	आन्तरिक	केन्द्र	सामुदायिक विद्यालयमा आर्थिक कारोवारमा सम्वद्ध शिक्षक तथा कर्मचारीहरुको लागि लेखा प्रणाली व्यवस्थापन तथा सुदृढिकरण र क्षमता अभिबृद्धि कार्यक्रम	२२५११		८००	
१२	आन्तरिक लेखापरीक्षण एकाई	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	वित्तीय सुशासन	विविध	आन्तरिक	केन्द्र	बेरुजु फर्छ्यौट सम्बन्धी परामर्श कार्यको भुक्तानी (क्रमागत)	२२४१३		५००	
१३	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	का.म.पा.मा सुचिकृत मेलमिलापकर्ताको क्षमता अभिवृद्धी	२२५१२		१०००	
१४	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	अड्डा अदालत प्रतिनिधित्व सुविधा	२११३९		१५००	

क्र. स.	विभाग	क्षेत्र	उपक्षेत्र	मुख्य कार्यक्रम	श्रोत	खर्च केन्द्र	कार्यक्रम	खर्च संकेत	वडा	विनियोजित बजेट रु. हजारमा	कैफियत
१५	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	स्वीकृत स्थानिय कानुनको संग्रह प्रकाशन	२२३१५		१०००	
१५	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	न्यायिक समितिको निर्णय संग्रह प्रकाशन	२२३१५		५००	
१७	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	कानुन सम्बन्धी पुस्तक खरिद	२२३१५		५००	
१८	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	स्थानिय राजपत्र सम्पादन तथा प्रकाशन	२२३१५		१०००	
१९	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	स्थानीय सरकार अधिकार तथा जिम्मेवारी अध्ययन	२२४११		५००	
२०	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	ई इजलास सञ्चालन खर्च	२२४११		५००	
२१	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	न्यायिक समिति वडा महिला सञ्जाल र मेलमिलाप केन्द्रले गरेको कामको डकुमेन्ट्री निर्माण	२२४११		५००	
२२	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	कानुनी सल्लाहकार पारिश्रमिक	२२४११		७२००	
२३	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	नि:शुल्क कानुनी सहायता (वैतनिक कानुन व्यवसायी पारिश्रमिक)	२२४१३		५००	
२४	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	कानुनी परामर्श सेवा र मध्यस्थता शुल्क पारिश्रमिक	२२४१३		२०००	
२५	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	नि:शुल्क कानुनी सेवा कार्यक्रम (कानुनी सहजकर्ता सुविधा)	२२४१३		७०००	

क्र. स.	विभाग	क्षेत्र	उपक्षेत्र	मुख्य कार्यक्रम	श्रोत	खर्च केन्द्र	कार्यक्रम	खर्च संकेत	वडा	विनियोजित वजेट रु. हजारमा	कैफियत
२६	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	मापदण्डका आधारमा वडा महिला सञ्जाल कार्यक्रम	२२५२२		३२००	
२७	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	न्यायिक समिति संचालन खर्च तथा अनुभव आदान प्रदान कार्यक्रम खर्च	२२५२२		१०००	
२८	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	कार्यपालिका सदस्यहरुलाई कानुन निर्माण सम्बन्धमा जानकारीमुलक प्रशिक्षण	२२५२२		८००	
२९	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	स्थानिय न्याय संवाद कार्यक्रम	२२५२२		१०००	
३०	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	निर्णय कार्यान्वयन सहजीकरण कार्यक्रम	२२५२२		७००	
३१	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	मेलमिलाप सत्र संचालन तथा मेलमिलाप प्रवर्द्धन कार्यक्रम	२२५२२		१०००	
३२	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	वडा महिला सञ्जालका संयोजक तथा सदस्यहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम	२२५२२		८००	
३३	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	मानव अधिकार दिवस कार्यक्रम	२२५२२		५००	
३४	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	स्ववासी समस्या समाधान सहजीकरण	२२५२२		१०००	
३५	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	मिसिल धुल्याउने तथा मिसिल डिजिटाइजेशन कार्यक्रम	२२५२९		५०००	
३६	कानुन तथा मानव अधिकार विभाग	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	कानुन तथा न्याय	कानुन तथा न्याय	आन्तरिक	केन्द्र	विवाद व्यवस्थापन खर्च तथा क्षतिपूर्ति कोष	२८२१२		५०००	

क्र. स.	विभाग	क्षेत्र	उपक्षेत्र	मुख्य कार्यक्रम	श्रोत	खर्च केन्द्र	कार्यक्रम	खर्च संकेत	वडा	विनियोजित वजेट रु. हजारमा	कैफियत
३७	कृषि तथा पशु पंक्षि विभाग	आर्थिक विकास	आपूर्ति	उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन	आन्तरिक	केन्द्र	Food Auditor सूचीकरण र प्रमाणीकरण	२२५२२		५००	
३८	कृषि तथा पशु पंक्षि विभाग	आर्थिक विकास	कृषि	कृषि सूचना तथा सञ्चार कार्यक्रम	आन्तरिक	केन्द्र	खाद्य स्वच्छता स्तरीकरण चिन्ह (वोर्ड)	२२३११		१०००	
३९	कृषि तथा पशु पंक्षि विभाग	आर्थिक विकास	पशुपन्छी विकास	पशु विकास सेवा कार्यक्रम	आन्तरिक	केन्द्र	काञ्जिहाउस संचालन तथा ब्यवस्थापन (टेकु र दक्षिणकाली)	२२३१२		५०००	
४०	कृषि तथा पशु पंक्षि विभाग	सामाजिक विकास	सामाजिक सुरक्षा तथा संरक्षण	सामाजिक सुरक्षा तथा संरक्षण	आन्तरिक	केन्द्र	डिजिटल प्रणालीमा अनुगमन व्यवस्था एवम् परामर्श सेवा	२२४११		१०००	
